# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ जनवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाका, सिलगढ़ी, सहित पश्चिम बंगालका सबै जिल्लाहरूमा ७६ औं गणतन्त्र दिवस भव्य रूपमा पालन गरियो।
- पश्चिम बंगालको कलकताको रेड रोडमा आयोजित मुख्य समारोहमा राज्यपाल डा. सी.वी आनन्द बोसले राष्टीय झण्डा फहरउनु भयो। मुख्यमन्त्री ममता ब्यानर्जी सहित गण्यमाण्य व्यक्तिहरू उपस्थित थिए।
- दार्जीलिङका क्याप्टन ब्रिजेश थापालाई मरणोप्रान्त वीरता पुरस्कारले सम्मानित गरिनेछ।
- पश्चिम बंगालका ६ जनालाई समाज जीवनमा उत्कृष्ट काम गरे वापत पद्म पुरस्कार प्रदान गरिनेछ। सिक्किमका एकजनालाई पद्म पुरस्कार प्रदान गरिनेछ।
- सुकना गोल्ड कप नेपाल धुलाबाड़ीको रोलिंग क्लबले जितेको छ।

**बंगाल गणतन्त्र दिवस**

पश्चिम बंगालमा ७६ औं गणतन्त्र दिवस धेरै गर्वका साथ मनाइएको छ। राज्य समारोह कोलकाताको रेड रोडमा आयोजना गरिएको थियो। राज्यपाल डा. सी.भी. आनन्द बोसले राष्ट्रिय झण्डा फहराउनु भयो। समारोहमा मुख्यमन्त्री ममता बनर्जी र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित थिए। सेनाए नौसेना, वायुसेना, कोलकाता पुलिस र पश्चिम बंगाल पुलिसको राष्ट्रिय क्याडेट कोर एनसीसीसँगै स्कूलका बालबालिकाहरूले पनि परेडमा भाग लिएका थिए। मार्चिङ टोलीले आफ्नो वीरता र अत्याधुनिक हतियार प्रणाली प्रदर्शन गरे। यस वर्ष मुख्य आकर्षण भारतीय सेनाको म्यूल थियो। MULE एक मल्टी लेग्गेद रोबोट हो जुन स्निफर डग जस्तै देखिन्छ। यो बम पत्ता लगाउने अनि निष्क्रिय पार्ने विशेष उपकरण हो।

**दार्जीलिङ गणतन्त्र दिवस**

दार्जीलिङको चौरास्तामा ७६ औं गणतन्त्र दिवस समारोह भव्य रूपले पालन गरियो। दार्जीलिङकी जिल्ला शासक डा. प्रिती गोयलले तिरंगा झण्डा फहराउनु भयो। यस अवसरमा दार्जीलिङ जिल्ला पुलिस अधिक्षक रविन प्रकाश, जीटीएका उप-प्रमुख राजेश चौहान, दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी, ब्रिगेडियर मुकेश गुरुङ सहित कैयान गण्यमान्य व्यक्तिहरू उपस्थित थिए। दार्जीलिङ पुलिसका जवानहरूको टुकड़ी, सिभिक भोलिण्यिटरहरूको टोली, भूतपूर्व सैनिकहरूको टुकड़ी अनि एन.सी.सी-का क्याडेटहरूले यस गणतन्त्र दिवस परेडमा भाग लिए। परेडको सलामी डा. प्रिती गोयलले लिनुभयो। यस अवसरमा जीटीएको सूचना तथा संस्कृति विभागद्वारा रंगारंग सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरियो भने विभिन्न कराटे समूहहरूले मार्शल आर्टको आकर्षक प्रदर्शन गरे। यस अवसरमा सैकड़ौं मानिसहरू उपस्थित थिए जसमा पर्यटकहरूको संख्या पनि उल्लेखनीय थियो।

**आकाशवाणी खरसांग गणतन्त्र दिवस**

आकाशवाणी खरसाङद्वारा ७६ औं गतणतन्त्र दिवसको अवसरमा राष्टीय झण्डा कार्यालय परिसरमा फहराइयो। कार्यक्रम निष्पादक राजीव सुब्बाले आकाशवाणी खरसाङ रेडियो स्टेशनमा झण्डा फहराउनु भयो भने नयाँ बजार स्थित एफ.एम स्टेशनमा वरिष्ट तकनीशिन बी.के बराईलीले तिरंगा फहराए। सिलगढ़ी आकाशवाणी स्टेशनमा सहायक अभियन्ता तथा क्लस्टर प्रमुख जितेन रायले तिरंगा झण्डा फहराउनु भयो। यसै गरी दार्जीलिङ, कालेबुङ, जलपाइगढ़ी, अलिपुरद्वार, कुचबिहार, दिनाजपुर, मालदा आदिका एफ.एम स्टेशनहरू र दूरदर्शन केन्द्रहरूमा तिरंगा झण्डा फहराइयो।

**खरसाङ गणतन्त्र दिवस**

खरसाङको नयाँ बजार स्थित W.B.N.V.F Training Centre मैदानमा भव्य रूपमा ७६ औं गणतन्त्र दिवस पालन गरियो। यस अवसरमा आयोजित समारोहमा खरसाङ महकुमा शाक तेजा सिंहले राष्टीय झण्डा फहराउनु भयो तथा परेडको सलामी लिनु भयो। यस अवसरमा पश्चिम बंगाल सरकार तथा केन्द्रमा कैयन विकास योजनाहरूको झाँकीहरू

प्रदर्शित गरियो। जीटीएको सूचना तथा संस्कृति विभागद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो। आशा कर्मीहरूले परेडमा सहभागिता जनाएका थिए।

**वीरता पुरस्कार**

दार्जीलिङका क्याप्टन ब्रिजेश थापालाई मरणोप्रान्त वीरता पुरस्कारले सम्मानित गरिनेछ। थापालाई अदम्य वीरताको लागि राष्ट्रपति द्रौपदी मुर्मूद्वारा सेना पदक प्रदान गर्ने स्वीकृति प्रदान गरिएको छ। ७६ औं गणतन्त्र दिवसको पूर्व सन्ध्यामा पराक्रम, वीरता र सर्वोत्तम सेवा प्रदान गरेकोमा यो वर्ष सशस्त्र सेना अनि केन्द्रीय सशस्त्र बलहरूका ९३ जवनाहरूलाई वीरता पुरस्कार प्रदान गर्ने स्वीकृति राष्टपतिले दिनु भयो। यसमा ११ जनालाई मरणोप्रान्त वीरता पुरस्कार प्रदान गरिनेछ। यी वीरता पुरस्कारहरूमा २ वटा कित्ती चक्र, एकजनालाई मरणोप्रान्त, १४ जनालाई सौर्य चक्र जसमा तीनजनालाई मरणोप्रान्त, एकजनालाई वार टू सेना पदक वीरता, ६६ जनालाई वीरता पदक जसमा ७ जनालाई मरणोप्रान्त, २ जनालाई नौसेना पदक वीरता अनि ८ जनालाई वायु सेना पदक वीरताले सम्मानित गरिनेछ। क्याप्टन ब्रिजेश थापा आतंकवाद विरूद्धको एक कार्यवाहीमा जम्मू-काश्मिरको डोडा जिल्लामा १५ जुलाई २०२४ को दिन शहीद भएका थिए। सो कार्यवाहीमा अदम्य साहस र वीरताको परिचय दिंदै थापा शहीद भएका थिए। यो कार्यवाहीमा थापासितै अन्य तीन जवानहरू शहीद भएका थिए।

**पद्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले वर्ष २०२५ को लागी १३९ पद्म पुरस्कार प्रदान गर्ने मंजूरी दिनु भएको छ। यस सूचीमा सात पद्म विभूषण, १९ पद्म भूषण र ११३ पद्म श्री पुरस्कार शामेल छन् । पुरस्कृत हुनेहरुमा २३ महिलाहरु पनि छन्। यस सूचीमा विदेशी, अप्रवासी भारतीय, भारतीय मूलका मानिस र भारतका विदेशी नागरिक श्रेणीका १० विभूतिहरु र १३ अन्यलाई मरणोपरांत यस पुरस्कारद्वारा सम्मानित गरिएकोछ। भारतीय लेखक एमटी वासुदेवन नायर, सुजुकी मोटर कॉरपोरेशनका पूर्व अध्यक्ष ओसामु सुजुकी र गायिका शारदा सिन्हालाई मरणोपरांत पद्म विभूषणले सम्मानित गरिएको छ। गायक पंकज उधास र अर्थशास्त्री बिबेक देबरॉयलाई मरणोपरांत पद्म भूषणबाट सम्मानित गरिएको छ। हॉकी खिलाड़ी पीआर श्रीजेशलाई पद्म भूषण र क्रिकेट खिलाडी रविचंद्रन अश्विन र फुटबॉल खेलाडी आईएम विजयनलाई पद्मश्रीबाट सम्मानित गरिएको छ। असाधारण र विशिष्ट सेवाको लागी पद्म विभूषण, उच्च कोटिको विशिष्ट सेवाको लागी पद्म भूषण र कुनै पनि क्षेत्रमा विशिष्ट सेवाको लागी पद्म-श्री पुरस्कार प्रदान गरिने गरिन्छ। यस सुचिमा पश्चिम बंगालबाट कलाको क्षेत्रमा अरिजित सिंग एगोकुल चन्द्र दास र ममता शंकर, साहित्य र शिक्षा क्षेत्रमा तेजेन्द्र नारायण मजुमदार, सामाजिक सेवा क्षेत्रमा विनायक लोहनी एआध्यात्मिक क्षेत्रमा स्वामी प्रदीप्त नन्द उर्फ कार्तिक महाराज, वाणिज्य र उद्योगक्षेत्रमा सज्जन भजनका र पवन गोयन्कालाई पद्म पुरस्कार प्रदान गरिएको छ भने कलाको क्षेत्रमा सिक्किमका नरेन गुरुङलाई पद्म पुरस्कार प्रदान गरिएको छ।

**राष्ट्रपति पुलिस पदक**

गणतन्त्र दिवसको अवसरमा सिलगढी पुलिस कमिस्नरेटको प्रधाननगर पुलिस थानाका वर्तमान प्रभारी बासुदेव सरकारले राष्ट्रपति पुलिस पदक प्राप्त गर्नु भयो। आज बिहान सिलगढीका पुलिस कमिश्नर सी. सुधाकरले पुलिस लाइनमा वासुदेव सरकारलाई पदक र स्मृति चिन्ह हस्तान्तरण गर्नु भयो। पुलिस सुत्र अनुसारए २०२३ मा अलिपुरद्वारमा काम गर्दा उहाँलाई यो सम्मानको लागि मनोनयन गरिएको थियो।

**सुकना गोल्ड कप**

सुकनामा खेलिएको सुकना गोल्ड कप फूटबल फाइनलमा नेपाल धुलाबाड़ीको रोलिंग क्लबले कालेबुङ पुलिसलाई एक-शून्य गोलले पराजित गरी जीत हासिल गरयो। पुरस्कार स्वरूप सुकना गोल्ड कप तथा तीन लाख रुपियाँ नगद प्रदान गरियो। खेल अत्यन्त रोमान्चक थियो। खेलको प्रथम पूर्वाद्धमा दुवै दलले कुनै गोल गर्न सकेनन्। खेलको अन्तिम समयमा रोलिंग क्लबको पक्षमा मिलन राईले गोल गरी टीमलाई विजयी तुल्याए। पराजित टीमलाई ट्रफी सहित २ लाख रुपियाँ नगद राशी प्रदान गरियो। ५ जनवरीदेखि शुरू भएको यस १८ औं सुकना गोल्ड कपमा देश विदेशका २० वटा फूटबल

टीमहरूले सहभागिता गरेका थिए। फाइनलमा मुख्य अतिथि जीटीए मुख्य कार्यपाल अनित थापा, दार्जीलिङ जिल्ला पुलिस अधिक्षक रविन प्रकाश र खरसाङका एस.डी.ओ तेजा सिंह उपस्थित थिए।

**म्याराथन वाइट अर्किड**

खरसाङमा भईरहेको तीन दिवसीय वाइट अर्किड फेस्टिभलको तेस्रो दिन बिहान म्याराथनको पनि आयोजना गरिएको थियो। यस म्याराथन दुईवटा वर्गमा छुट्टाएर आयोजना गरिएको थियो। यस अन्तर्गत १० किलोमीटरको म्याराथन महानदीदेखि शुरु गरिएको थियो भने ५ किलोमीटरको म्याराथन गिद्ध पहाड स्थित भ्यु पोइन्टबाट शुरु गरिएको थियो। यस म्याराथनमा महानदीदेखि आयोजना गरिएको १० किलोमीटरको म्याराथनलाई सभासद श्याम शेर्पाले झण्डा हल्लाएर शुरुवात् गरेका थिए भने गिध्द पहाडस्थित भ्यु पोइन्टबाट शुरु गरिएको ५ किलोमीटरको म्याराथनलाई प्रेमेन्द्र गुरुङको बाहुलीबाट झण्डा हल्लाएर शुरुवात् गरिएको थियो। दुवै वर्गको म्याराथन खरसाङ वाइट अर्किड फेस्टिभलको आयोजना स्थल मन्टिभियट खेल मैदानसम्म पुगेर समापन गरिएको थियो। म्याराथन खरसाङ महकुमा खेलकूद संघको संयोजकत्वमा आयोजना गरिएको थियो। दुवै वर्गको म्याराथनमा जम्मा ३६८ जनाले सहभागिता जनाएका थिए। यो म्याराथन प्रतियोगितामूलक नभएर तीन दिवसीय खरसाङ वाइट अर्किड फेस्टिभलको एक भागको रुपमा आयोजना गरिएको थियो।

**खरसाङ शहीद कप**

खरसाङको चानबारीमा आयोजित खरसाङ शहीद कप फूटबल टुर्नामेन्टको क्वाटर फाइनल म्याचमा आज खरसाङ हिल फूटबल एशोसिएशनले कालेबङ पुलिसलाई २-० गोलले पराजित गरी सेमी फाइनलमा प्रवेश गरेको छ।

****** ० ******